म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१४ अङ्कः- १३९ २०७९ चैत २९ गते बुधबार 12 April 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-




## राष्ट्रपति रनिङ सिल्डको तयारी

# ६९ खेलाडी पहिलो पटक बन्दप्रशिक्षणमा



*बन्दप्रशिक्षणमा सहभागी खेलाडीहरु ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगितामा सहभागी हुने मकवानपुर जिल्लाका खेलाडीको बन्दप्रशिक्षण सुरु भएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिले पहिलो पटक बन्दप्रशिक्षणको व्यवस्था मिलाएको हो । बन्दप्रशिक्षणमा ६९ जना खेलाडी सहभागी छन् । सोमबारदेखि सुरु भएको बन्द प्रशिक्षण आगामी शुक्रबारसम्म चल्नेछ ।

प्रदेशस्तरीय प्रतियोगितामा एथ्लेटिक्स, भलिबल, कबड्डी, कराँते, तेक्वान्दो र उसु खेलमा मकवानपुरका खेलाडी सहभागी हुँदैछन् । बन्द प्रशिक्षणमा १४ जना प्रशिक्षकले भत्ता बिना नै खटिनेछन् । जिल्लाका पालिकाहरुको सहयोगमा मकवानपुर जिल्ला खेलकुद विकास समितिले पहिलो पटक बन्द प्रशिक्षणको व्यवस्था मिलाएको मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले बताउनुभएको छ । बन्दप्रशिक्षणका क्रममा खेलाडीहरुले हेटौंडा-४ स्थित हुप्रचौरमा प्रशिक्षण गर्नेछन् । बिहान र बेलुका २/२ घण्टा प्रशिक्षण हुनेछ । बन्दप्रशिक्षणका लागि २ लाख ५० हजार रुपैयाँ खर्च अनुमान गरिएको अध्यक्ष खड्गीले जानकारी दिनुभयो । खेलाडीबीच सौहार्द्धता अभिवृद्धि गर्न, खेल भावनाको विकास गराउन पनि बन्दप्रशिक्षण प्रभावकारी हुने अपेक्षा गर्नुहुँदै अध्यक्ष खड्गीले भन्नुभयो, "बन्दप्रशिक्षणमा सहभागी हुँदा खेलाडीले सम्बन्धित खेलको प्राविधिक ज्ञान हासिल गर्नुका साथै खेल कौशल र सीप विकास गर्ने अपेक्षा गरेका छौं ।" अध्यक्ष खड्गीले खेलाडीलाई अनुशासनमा रहन पनि आग्रह गर्नुभएको छ ।

मंगलबार बिहान जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले बन्द प्रशिक्षणमा रहेका खेलाडीहरुलाई सम्बोधन गर्नुहुँदै पालिका र जिल्लाको नाम राख्ने गरी प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन आग्रह गर्नुभएको छ । जिल्ला समन्वय समितिले पालिकाका प्रमुखहरुसँगको बैठकमा खेलकुदलाई प्राथमिकतामा राख्न आग्रह गरेको र पालिकाहरु पनि खेललाई प्राथमिकतामा राख्न तयार रहेको उहाँले बताउनुभएको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका पूर्वप्रमुख एवम् राष्ट्रिय खेलकुद परिषद्को प्रचारप्रसार विभागका प्रमुख खुशराज दाहालले मकवानपुर जिल्लाले राष्ट्रपति रनिङ सिल्डको प्रदेशस्तरीय प्रतियोगितामा ५ वटा स्वर्ण पदक जितेको रेकर्ड तोड्ने गरी तयारी गर्न आग्रह गर्नुभएको छ । बन्दप्रशिक्षणले सामूहिक खेलमा खेलाडीबीच तालमेल मिलाउन सहज हुने उहाँको भनाइ थियो । प्रदेशस्तरीय प्रतियोगिता आगामी बैशाख ३ गतेदेखि ५ गतेसम्म काठमाडौंमा हुँदैछ ।

## प्रदेश उच्च शिक्षा नियमावली स्वीकृत

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको मन्त्री परिषद्ले प्रदेश उच्च शिक्षा नियमावली स्वीकृत गरेको छ । मंगलबार बसेको बैठकले प्रदेश उच्च शिक्षा नियमावली २०७९, स्वीकृत गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिनुभएको छ ।

नियमावली स्वीकृत गरेसँगै प्रदेश सरकारले विश्वविद्यालय खोल्ने प्रक्रिया अगाडि बढाउन बाटो खुलेको छ । प्रदेश सभाबाट ऐन पारित भएर नियमावली पनि स्वीकृत भए पश्चात उच्च शिक्षाका लागि प्रदेश सरकारले विश्वविद्यालय खोल्न पाउने उहाँको भनाइ रहेको छ । यस्तै, बैठकबाट प्रदेश चिट्ठा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भई प्रदेश सभामा पेश गर्ने निर्णय भएको छ । संघमा चिट्ठा सम्बन्धी नियमावली भएको तर प्रदेश सरकारमा यस विधेयक नभएकाले प्रदेशमा चिट्ठा सम्बन्धी ऐन निर्माणका लागि प्रदेश सभामा पठाउने निर्णय भएको मन्त्री श्रेष्ठले बताउनुभयो ।

यस्तै, बैठकले प्रदेश सञ्चार माध्यम व्यवस्थापन (चौथो संशोधन) नियमावली २०७९, स्वीकृत गरेको छ । प्रदेश सरकारमा सञ्चार माध्यम दर्ता गर्न प्रक्रिया नपुग्ने झन्झटिलो हुने भएकाले उक्त समस्या प्रदेश सरकारबाटै समाधान गर्न नियमावली स्वीकृत भएको मन्त्री श्रेष्ठले बताउनुभयो ।

## टोल विकासद्वारा दुई विद्यालयमा अक्षयकोष

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७ स्थित किरणचोक टोल विकास संस्थाले हेटौंडा-७ स्थित नवज्योति मावि र हेटौंडा-८ स्थित चन्द्रोदय माविमा अक्षयकोष स्थापना गरेको छ । गत फागुनमा आयोजना गरिएको श्रीमद् भागवत ज्ञान महायज्ञबाट संकलित रकमबाट दुईवटै विद्यालयमा १ लाख १ हजार रुपैयाँ बराबरको अक्षयकोष स्थापना गरिएको टोल विकास संस्थाका अध्यक्ष राजु अधिकारीले जानकारी दिनुभएको छ ।

मंगलबार किरणचोक टोल विकास संस्था र किरणचोक आमा समूहको संयुक्त आयोजनामा भएको चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममा अध्यक्ष अधिकारीले अक्षयकोष स्थापना गरिएको जानकारी दिनुहुँदै विपन्न विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ । कार्यक्रममा अध्यक्ष अधिकारीले टोल विकास संस्थाको प्रगति विवरण प्रस्तुत गर्नुभयो । गत फागुन महिनामा आयोजना गरिएको सप्ताहबाट १४ लाख ८२ हजार रुपैयाँ रकम उठेको जानकारी दिनुहुँदै संकलित रकममध्ये १० लाख ५६ हजार खर्च भएको जानकारी दिनुभयो ।

महायज्ञको आयोजना गरेर बचत भएको रकमबाट टोल विकास संस्थाले समुदायले प्रयोग गर्ने गरी भोजका लागि आवश्यक भाँडाकुँडा खरिद गरेको किरणचोक आमा समूहकी अध्यक्ष सावित्री अधिकारीले जानकारी दिनुभएको छ । टोल विकास संस्थाले २०८० सालको क्यालेन्डर पनि प्रकाशन गरेको छ । यस्तै आगामी साउन १ गतेदेखि टोलको फोहोर निःशुल्करुपमा संकलन गरिने बताइएको छ । टोल विकास संस्थामा आवद्ध भएका असल बचतकर्ता र ऋणी गरी एक/एक जनालाई सम्मानस्वरुप निशूल्क स्वास्थ्य बीमा गरिदिने भएको छ । किरणचोक टोल विकास संस्थामा १ सय २० घरधुरी रहेको छ ।

टोल विकास संस्थाका अध्यक्ष राजु अधिकारीको सभाध्यक्षता तथा हेटौंडा-७ का वडाअध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । वडाअध्यक्ष गौतमले टोल विकासले धेरै राम्रा कामहरु गरिरहेको अवस्थामा अझ संस्थालाई जिम्मेवार बनाउन आग्रह गर्नुभयो । यस्तै उहाँले टोल विकास संस्थालाई आवश्यक सहयोग गरिने प्रतिवद्धता जनाउनुभयो । कार्यक्रममा हेटौंडा-८ का वडाअध्यक्ष रामकृष्ण थापा, सदस्य गोरख राई, टोल विकास संस्था नगर समन्वय समितिका नगर अध्यक्ष ध्रुव अधिकारी, हेटौंडा उपमहानगरपालिकाको वातावरण शाखाका प्रमुख भैरव कुमाल लगायतको आतिथ्य रहेको थियो ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

## ट्याक्टरबाट खसेर प्रजाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-६ खर्कन्टेटारमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा राक्सिराङका ३३ वर्षीय काजीमान प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार राती १ बजेर ३० मिनेटको समयमा फाकलटारबाट राक्सिराङ जाँदै गरेको ना ६ त ५२१८ नम्बरको ट्याक्टर दुर्घटना हुँदा प्रजा गम्भीर घाईते भएका थिए । घाईते प्रजालाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएको थियो । उपचारको क्रममा प्रजाको सोमबार बिहान ८ बजेर ४५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । ट्याक्टर र चालक नियन्त्रणमा रहेको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं







## एसईई सकियो । अब के गर्ने ?

## Bridge Course कि Career Course ?

पत्रकारितामा रुचि भएका विद्यार्थी साथीहरुलाई एईइपछिको विदाको समयमा हामी प्रशिक्षण दिने छौं । उच्च शिक्षाको अवसर समेत रहेको व्यावसायिक र रोजगारमूलक विषयमा प्रशिक्षित भई भविष्य सुनिश्चित गर्नुहोला । यही मिति २०८० साल बैशाख ५ गतेभित्र सम्पर्क गर्नुहोला ।

समाचार संकलन, लेखन, समाचार वाचनसँगै समग्र सामाजिक व्यक्तित्व समेत निर्माणमा सहयोग पुग्नेछ ।

आफ्ना बालबालिकाको रुचि र चासो बुझेर अभिभावक वर्गले पनि आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध गरिन्छ ।

(**नोट**: अध्ययन र लेखनमा रुचि र अभ्यास भएका इच्छुक उम्मेदवार लाई प्राथमिकता दिइनेछ ।)

**प्रशिक्षण बैशाख पहिलो सातादेखि सुरू हुनेछ ।**

सम्पर्क
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज**
हेटौंडा-४, अजरअमररोड
०५७-५२५४५६

# सम्पादकीय

## डढेलो र आगलागीप्रति जागरुकता

वसन्त ऋतुमा रुखबिरुवाका पुराना पातहरु झर्ने र नयाँ पात पलाउने गर्दछ । ऋतुका हिसाबले चैत महिना वसन्त ऋतु पर्दछ । यही महिनाबाट गर्मी बढ्दै जाने र सुख्खा मौसम हुने भएका कारण झरेका पातहरु चाँडै सुक्छन् । यस समयमा हावाहुरी पनि चल्ने हुँदा वन डढेलो तथा आगलागीको जोखिम बढी हुने गर्दछ । मुलुकका अधिकांश राष्ट्रिय वन तथा सामुदायिक वन क्षेत्रमा वर्षेनि डढेलो लाग्ने गर्दछ । यसरी लाग्ने डढेलोले वनजंगलका बोटबिरुवा तथा वन्यजन्तुलाई धेरै असर गर्ने गरेको छ । वन डढेलोका कारण वायु प्रदूषण बढ्नुका साथै वरपरका बस्तीमा आगलागीको जोखिम पनि बढ्दछ । वनजंगल संरक्षणको जिम्मा पाएको सरकारी निकाय तथा सामुदायिक वनहरुले वन डढेलाबाट जोगिनका लागि सचेतनामूलक केही कार्यक्रमहरु गर्ने गरेको भए पनि डढेलोबाट हुने क्षति रोक्न खासै पूर्वतयारी गरेको पाइँदैन । जसले गर्दा डढेलो लागेर ठूलो क्षति हुने गर्दछ । वनबाट हुने आम्दानीको केही भाग डढेलो नियन्त्रणका लागि उपयोग गर्न सकिने भए पनि त्यसो हुन सकेको छैन । यस समयमा चल्ने हुरीबतासका कारण आगलागीको सम्भावना पनि बढी हुने गर्दछ ।

आगलागीप्रति सचेत नहुँदा यसले अकल्पनीय स्थिति निम्तिइरहेका हुन्छन् । सुख्खायाममा आगलागीको सानो असावधानीले गर्दा ठूलो क्षति निम्त्याएको घटनाहरु हाम्रासामु धेरै छन् । यति हुँदाहुँदै पनि सावधानीका उपायहरु प्रभावकारी नहुनु गम्भीर कमजोरी हो । यस्ता कमी-कमजोरीलाई बेलैमा सच्याएर अघि नबढ्ने हो डढेलो र आगलागीबाट ठूलो क्षति बेहोर्नुको विकल्प रहँदैन । वनमा डढेलो लागेपछि नियन्त्रण गर्न धेरै कठिन हुन्छ । हाम्रा गाउँ-शहरका अव्यवस्थित बस्तीहरुमा पनि आगलागी भयो भने त्यसले सिंगो बस्ती नै खरानी बन्नसक्छ । आगलागी र डढेलो नियन्त्रणको एउटा उपाय भनेको दमकल अर्थात् वारुणयन्त्रको व्यवस्था हो । शहरबजार र बाटोको सुविधा भएका गाउँबस्तीमा आगलागी भयो भने वारुणयन्त्रले आगो निभाउन सक्ला । तर, त्यसका लागि छिटो समयमा वारुणयन्त्र पुग्नुपर्ने हुन्छ । महानगर, उपमहानगर तथा केही नगरपालिकाहरुमा वारुणयन्त्रको व्यवस्था भए पनि अधिकांश नगरपालिका र सबैजसो गाउँपालिकामा वारुणयन्त्रको व्यवस्था छैन । आगलागी हुनेबित्तिकै वारुणयन्त्रको उपलब्धता हुनसकेमा त्यसबाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

डढेलो तथा आगलागीबाट बच्ने प्रभावकारी उपाय भनेको आगो लाग्नै नदिनु हो । यसका लागि प्रभावकारी उपायको खोजी गर्नुपर्छ । वन तथा वातावरणसँग सम्बन्धित सरकारी, गैरसरकारी तथा सामुदायिक संघसंस्थाले डढेलो नियन्त्रणका लागि केही प्रयत्न गर्ने गरेको भए पनि पर्याप्त भइरहेको छैन । तर, आगलागीका घटना न्यूनीकरण गर्ने र आगलागी भएपछि नियन्त्रण गर्ने निकाय वा संयन्त्रको भने टड्कारो अभाव देखिएको छ । संघीयता कार्यान्वयनसँगै स्थानीय तहले धेरै अधिकार प्राप्त गरेको र स्रोत साधन सम्पन्न भएकाले अब आगलागीबाट बच्न र बचाउन स्थानीय सरकारले उपयुक्त संयन्त्रसहित स्रोत साधनको व्यवस्था गर्नु उचित हुनेछ । आफ्नो क्षेत्रमा हुने डढेलो र आगलागी समयमै नियन्त्रणमा लिनका लागि सबै स्थानीय तहले प्रभावकारी व्यवस्था गर्नुपर्छ । डढेलो तथा आगलागीबाट हुने जनधनको क्षति, जैविक विविधतामा ल्याउने ह्रास तथा वातावरण प्रदूषणबाट बच्नका लागि अब स्थानीय सरकारले नै प्रभावकारी भूमिका निर्वाह गर्नु आवश्यक हुन्छ । सचेतनाले डढेलो र आगलागी हुनै नदिने सम्भावना रहन्छ । स्थानीय तहले व्यापकरुपमा सचेतनामूलक कार्यक्रमहरु गर्नुपर्छ । सडक सुविधा भएका क्षेत्रमा वारुणयन्त्रको व्यवस्था गर्ने र दुर्गम तथा ग्रामीण क्षेत्रमा अन्य वैकल्पिक उपाय अपनाउनु आवश्यक छ । आगलागी र डढेलोबाट बच्नका लागि आम जनसमुदायमा सचेतना फैलाउन सकेको खण्डमा वन क्षेत्र र अन्य स्थानहरुमा हुने आगलागी र डढेलो नियन्त्रण गर्न सकिन्छ । गर्मीयाममा हुने डढेलो र आगलागीको सम्भावनालाई न्यूनीकरण गर्न सबै जागरुक बन्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : साँझेदारी कार्यबाट लाभ हुने समय योग छ ।
**वृष** : धार्मिक कार्यमा सरिक भइने समय छ ।
**मिथुन** : प्रतिस्पर्धाबाट विजय प्राप्त हुने समय छ ।
**कर्कट** : भ्रमणमूलक कामबाट आर्थिक आर्जन होला ।
**सिंह** : राम रमाइलोमा विशेष समय व्यतित होला ।
**कन्या** : नातागोताका कामकारोबारमा खट्नु पर्ने समय छ ।
**तुला** : व्यापार– व्यवसाय मध्यमकारक रहने समय छ ।
**वृश्चिक** : यात्रा योगमा नजाँदा राम्रो रहने समय छ ।
**धनु** : सरकारी र प्रशासनिक काममा सफलता मिल्ला ।
**मकर** : आत्मविश्वासमा अभिवृद्धि हुने समय योग छ ।
**कुम्भ** : कार्यक्षेत्रमा अझै बुद्धि पुऱ्याउनु पर्ने समय छ ।
**मीन** : मानसिक अल्झन र तनावबाट बच्दा राम्रो हुन्छ ।

# कृषि क्रान्तिको नारा र कार्यान्वयन



केशव आचार्य



मुलुकलाई आर्थिक रुपमा समृद्ध बनाउन कृषि क्रान्ति गर्नुपर्ने सुगा रटाइ वर्तमान प्रधानमन्त्रीबाट पनि बारम्बार दोहोरिरहेको छ । उनले कृषिक्षेत्रलाई उत्पादनतर्फ मोडेर मुलुकलाई आर्थिक रुपमा सबल बनाउनुपर्ने र कृषिक्षेत्रलाई नै प्राथमिकता नदिए मुलुकको अर्थतन्त्रमा सुधार गर्न नसकिने बताइरहेका छन्। कृषिलाई उच्च प्राथमिकतामा राखेर मुलुकलाई आत्मनिर्भरतर्फ लैजाने सरकारको पहिलो एजेन्डा रहेको विषयमा जोड दिइरहेका छन् । खाद्यान्नमा पनि मुलुक परनिर्भर हुँदै गएको विषयमा चिन्ता व्यक्त गर्दै गर्दा कृषि क्रान्तिको वास्तविक कार्यक्रम, योजना, कार्यान्वयन अवलम्बन गरेको देखिँदैन ।

कृषि क्रान्तिको सैद्धान्तिक र व्यावहारिक पहलभन्दा पनि बाहिरी बोक्रामा भाषण, बहस र पैरवी भइरहेको अवस्था छ । नीति निर्माण तहमा रहेका निकाय वा सम्बन्धित व्यक्तिले कृषि क्रान्ति हुनुपर्छ, गर्नुपर्छ, कार्यान्वयनमा जानुपर्छ भनिरहेको मात्र सुनिन्छ । वास्तवमा यो सब गर्ने कसले हो ? किसानले हो ? या सम्बन्धित निकायले हो ? यसले दुविधा सिर्जना गरिरहेको छ। सरकार दुविधा सिर्जना गरिदिएर उम्किन मात्र खोजेजस्तो देखिन्छ। सबै प्रधानमन्त्री, मन्त्रीलगायतका व्यक्तिहरूको मुखमा कृषि अर्थतन्त्र झुन्डिएको तर यसमा ठोस कदम कुनै कतैबाट चालिएको पाइँदैन ।

वर्तमान सरकारका अघिल्ला अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पनि आयात प्रतिस्थापनका लागि कृषि उत्पादनमा तीव्रता ल्याउनुपर्ने बताएका थिए । उनी पनि कृषि सुधारका मीठा भाषण बाँडेर पदबाट बाहिरिए । अर्थतन्त्रमा सुधार आइरहेको तर पूर्ण रुपमा भने सुधार आउन बाँकी रहेको धारणा उनी पेस गरिरहन्थे । सरकारी वित्तको सन्तुलन कायम गर्न आफूहरु प्रयासरत रहेको, राजस्व संकलनको लक्ष्य पूरा गर्न ठोस कदम चाल्न नसके अर्थतन्त्रमा थप चुनौती सिर्जना हुने विषयलाई उनले जोड दिएका थिए । कृषिक्षेत्रमा ठूलो लगानी गरी उत्पादन बढाएर आयात प्रतिस्थापन गर्न आवश्यक, यसका लागि आन्तरिक उत्पादनलाई प्रोत्साहन, निजी क्षेत्रको लगानी र सूचना प्रविधिलाई अभिवृद्धि गर्न सरकार लागिपरेको उनको भनाइ थियो ।

पौडेल अर्थमन्त्री बनेको केही समयको अन्तरालमै अर्का अर्थमन्त्री डा. प्रकाशशरण महत बनेका छन् । नवनियुक्त अर्थमन्त्री महतले आर्थिक समस्याबाट निकासका लागि सम्पूर्ण राज्यसंयन्त्र लागेर समाधान गर्ने बताएका छन्। मुलुकको अर्थतन्त्र विभिन्न असरका कारण संकटमा रहेको भन्दै समस्याग्रस्त अवस्थाको अर्थतन्त्रलाई सुधार गरेरै छाड्ने दाबी उनको छ । सरकारको साधारण खर्च कटौती गर्ने, प्राथमिकीकरण गरेर मात्रै सरकारले खर्च गर्ने, सरकारले खर्च गर्न सक्ने क्षमता बढाउने, लगानी बढाउने, राजस्वको दायरा बढाउने विषयलाई वर्तमान अर्थमन्त्रीले जोड दिएकाले आशा त पलाएको छ, तर भरोसा भने छैन ।

### किसान किन रुनुपरेको ?

वास्तवमा मुलुकको कृषि अर्थतन्त्र पछिल्ला दिनमा अत्यन्त नाजुक बन्दै गइरहेको छ । हिजोसम्म खाद्यान्नमा आत्मनिर्भर मात्र नभएर निर्यात गर्ने, आवश्यक सामग्री आफैं तयार गर्ने मुलुक आज परनिर्भर बन्दै गएको छ । एकातिर सरकारले जमिन जोत्नेलाई मालिक बनाउने नीति वकालत गर्न खोजिरहेको छ, अर्कातिर किसानहरू 'नेपाली किसान मार्न पाइँदैन, विदेशी तरकारी तथा फलफूल चाहिँदैन' भन्ने नारा लगाइरहेका छन् । भारतीय तरकारीका कारण स्वदेशी उत्पादनले मूल्य नपाएको भन्दै किसानहरू सडकमा तरकारी फालेर आन्दोलनमा उत्रिएका छन् । यो आन्दोलन राज्यले किसानप्रति गरेको अनादरको पराकाष्ठा हो । यसले राज्यप्रति किसानहरुलाई असन्तुष्ट बनाएको छ ।

सरकारको नीति कार्यान्वयनको पक्ष र किसानहरुको सरकारमाथिको अस्वस्थताबीचको अन्तरले विद्रोह निम्त्याइरहेको छ । किसानहरूले आफ्नो उत्पादनको उचित मूल्य नपाएकोमा आन्दोलन गर्नुपर्ने परिस्थितिको सिर्जना भएको छ । उनीहरु कहिले उचित मूल्य नपाएर सडकमै आफ्नो उत्पादन फालिरहेका छन् भने कहिले बिक्री भएर पनि भुक्तानी नपाएर सडकमै आएर आन्दोलन गर्नुपर्ने बाध्यतामा छन् । देशको कुनाकुनादेखि राजधानीसम्म पुगेर सिंहदरबारकै अगाडि धर्ना बस्नुपर्ने जस्तो दर्दनाक स्थिति सहेर किसानहरु कति दिन कृषिमा टिक्लान् ? यसमा सरकारले मूल्यांकन गरेको पाइँदैन ।

किसानहरूले बारीमा जाऊँ भविष्य छैन, खाडीमा जाऊँ उमेर छैन भन्दै व्यक्त गरेको दुःखलाई बुझिदिने निकाय पाएनन् । मर्मस्पर्शी, कारुणिक नाराले सरकारको न हृदयलाई छोयो, न लज्जाबोध नै भयो । यसलाई सरकारले वास्ता नगरे पनि सरकारको निकम्मा राज्यसंयन्त्रलाई गिज्याइरहेको छ। तैपनि सरकारले यसलाई अति आवश्यक प्राथमिकतामा समेटेको देखिँदैन । सरकारले सार्वजनिक ठाउँमा बोलिदिने, सरकार लागिपरेको बताइदिने, गर्नुपर्छ भनिदिने तर कार्यान्वयनमा ल्याइदिने कसले ? सरकारका प्रतिनिधिहरुले पनि सरकारले नै गरेन भनिरहेका छन् । वास्तवमा सरकार को ? सरकारको जिम्मेवारी कसको ? स्वयं मन्त्रीहरु नै सरकारले यसो गरेन, उसो गरेन, यसो गर्नुपर्थ्यो, उसो गर्नुपर्थ्यो भनी सुझाव दिइरहेका छन् । गर्ने कसले हो ? जिम्मेवारी लिन कुनै निकाय तयार छैन ।

सरकारका प्रधानमन्त्री अर्थतन्त्रलाई 'लाइफ एन्ड डेथ'को रुपमा हेरेको छु, अर्थतन्त्रमा सुधार गर्नुपर्छ भनिरहेका छन्। पुँजीगत क्षेत्रको विकास गर्न बाह्य लगानी बढाउने, विप्रेषण बढाउने, अर्थतन्त्र सुधार गर्न लागिपर्ने बताइरहेका छन्। तर, किन र कसरी भन्ने प्रश्नको जवाफ देखिँदैन । जसका कारण कृषिप्रधान देशमा विदेशी तरकारी ल्याउनुपर्ने परिस्थितिको अध्ययन नै भएन । सरकार सधैं अर्थतन्त्र नाजुक भयो, सुधार गर्नुपर्छ मात्र भनिरहेको छ । तर, सुधार आजसम्म हुन सकेन। यो मुलुकको विडम्बना हो। किसानले आफैंले दुःखकष्ट गरी फलाएको उत्पादन सडकमा फालेर राज्यविरुद्ध आन्दोलित हुनुपर्ने परिस्थिति सिर्जना हुनु कृषिप्रधान देशको दुर्भाग्य हो ।

आज आफ्नै हातले फलाएको तरकारी आफ्नै हातले सडकमा फाल्नुपर्दा ती किसानको मनमा कति पीडा होला ? मन रोएको होला, परिवारको हेरचाहमा कति अभाव भएको होला, आवश्यकतालाई कति दबाउनुपरेको होला । त्यसको खोजी खोइ ? यहाँ त विज्ञहरु सरकारलाई, सरकार पनि सरकारलाई नै सुझाव दिइरहेको छ। सुझावहरूको कार्यान्वयन गर्ने निकाय सरकार हो तर तत्पर देखिँदैन। कृषिप्रधान देश, झन्डै दुईतिहाइ जनसंख्या कृषिमा निर्भर, यति धेरै जनसंख्याको आय र जीवननिर्वाहको स्रोत कृषि हुँदा पनि किसान रुनुपर्ने ? कृषिको अवस्था अब्बल हुनुपर्ने हो तर छैन । कृषकको जीवन दयनीय बन्दै गइरहेको छ । कृषिलाई प्राथमिकतामा राखेको भन्दै सधैं जनता ढाँट्ने काम सरकारले गर्दै आएको छ ।

कृषिलाई राज्यले नै सधैं उपेक्षा गर्दै आएकाले यो पेसा सधैं उपेक्षित बनिरहेको छ । किसानहरु सधैं समस्यामा छन् र पीडामा छन् । उनीहरुलाई पीडा कहिले राज्यले दिन्छ, कहिले प्रकृतिले दिन्छ । राज्यले समयमा मल, बीउ उपलब्ध नगराउँदा किसानको उत्पादन बढ्न सक्दैन। आवश्यक ऋण समयमा नपाउँदा आवश्यक ठाउँमा लगानी हुँदैन, ऋणभार मात्र थपिन पुग्छ। कहिले खेतीको समयमा पानी नपर्दा, कहिले बाली नै बगाउने गरी अधिक वर्षा हुँदा उत्पादनलाई नै क्षति पुग्छ। हावाहुरी र असिनाले बाली नाश गरिदिन्छ। कहिले उत्पादन भएर पनि समयमा बिक्री गर्न सकिँदैन, बिक्री भएर पनि त्यसको उचित मूल्य पाइँदैन, बिक्री भएको उत्पादनको समयमा भुक्तानी पनि पाइँदैन। यी विविध समस्याको निकाकरणको अभिभावकत्व सरकारले निर्वाह गर्नुपर्ने तर सरकार तिनै पीडित किसानलाई नै निचोरिरहेको छ ।

अघिल्लो वर्ष भारतबाट मात्र ७४ अर्ब २८ करोड रुपैयाँभन्दा बढीको खाद्यान्न र ३६ अर्ब ५४ करोड रुपैयाँभन्दा बढीको तरकारी आयात भएको छ। स्वदेशमा उत्पादन भएको तरकारीचाहिँ सडकमा फाल्नुपर्ने स्थिति बनिरहँदा किसान कृषि पेसामा कसरी आकर्षित हुन सक्छन् ? स्वदेशी उत्पादनलाई प्रोत्साहन दिएर मात्र कृषि र किसानको उत्थान गर्न सकिन्छ भन्ने विषयलाई सरकारले वास्ता गरिरहेको छैन। उत्पादित वस्तुको बजार व्यवस्थापन र त्यसको उचित मूल्यका लागि सरकारले सहयोग गर्नुपर्छ । तर यो हुन सकेन ।

कृषिप्रधान देशको नीति तथा कार्यक्रममा कृषि पहिलो प्राथमिकतामा पर्नुपर्ने हो । कृषिमा बजेट विनियोजन अन्य क्षेत्रको तुलनामा अधिक हुनुपर्ने हो, तर त्यसो

# के हरेक शुक्रबार 'गुड फ्राइडे' नै हो त ?



गोविन्द विश्वकर्मा

आज 'गुड फ्राइडे' । सामान्यतया साताको हरेक शुक्रबारलाई 'गुड फ्राइडे' भनेर उत्सव मनाउने चलन छ। नेपालमा पनि हप्ता भरीका कामकाजहरु सकेर विश्राम लिने दिनका रुपमा शुक्रबारलाई लिइने गरिन्छ। शुक्रबारका दिन सबै कामहरु समयमै सकेर साँझतिर साथीभाइ, आफन्त भेटघाट गर्ने खानपिन गर्दै रमाइलो गर्ने चलन छ। सहर बजारतिर रेस्टुरेन्ट, पप, बारहरू खचाखच भरिने दिन पनि शुक्रबारै हो ।

खासमा हरेक फ्राइडे गुड फ्राइडे नै हो त ? अथवा फ्राइडेलाई गुड किन भनियो ? के हामीले सोचेको जस्तो बिश्राम लिन पाइने र रमाइलो गर्ने दिन भएर नै फ्राइडेलाई गुड भनिएको हो त ? यसको बास्तविक अर्थ अलि फरक छ । 'गुड फ्राइडे' शब्द आज भन्दा करिब दुई हजार वर्ष पहिले अर्थात् पहिलो शताब्दीतिर चलाईएको थियो । अंग्रेजी शब्दबाट रुपान्तरण गरिएको उक्त शब्दलाई अंग्रेजीमा होली फ्राइडे वा ग्रेट फ्राइडे पनि भनिन्छ। जसलाई नेपालीमा असल शुक्रबार वा शुभ शुक्रबार भन्ने गरेको पाइन्छ ।

इसाई धर्मावलम्बीहरुले हरेक वर्षको मार्च महिनाको २१ तारिखका दिनपछि पर्ने पूर्णिमा पछिको आइतबार 'इष्टर सन्डे' मनाउने चलन छ। खीष्टियन समुदायको महत्वपूर्ण पर्वमध्ये इष्टर सन्डे एक विशेष पर्व मानिन्छ। उक्त इष्टर सन्डेको ठ्याक्कै दुई दिन अघि पर्ने शुक्रबारलाई नै गुड फ्राइडे भनेर मनाइने चलन छ ।

यस वर्षको इष्टर सन्डे यही अप्रिल ९ तारिखमा पर्छ । त्यसैले त्यसको दुई दिन अघि अर्थात् आज अप्रिल ७ तारिखमा गुड फ्राइडे रहेको छ । सामान्यतया हरेक वर्षको अंग्रेजी महिनाको मार्च २१ पछि अप्रिल १५ तारिखको बीचमा गुड फ्राइडे पर्ने गर्छ। यसरी हेर्ने हो भने गुड फ्राइडे हामीले सोचेको जस्तो सधैंको शुक्रबार गुड फ्राइडे नभएर केवल वर्षको एक पटक मात्र हुन्छ ।

### 'गुड फ्राइडे' को वास्तविकता ?

'गुड फ्राइडे' इष्टर सन्डे पर्वसँगै जोडिएर आउने भएकोले यसलाई बुझ्न पहिले इष्टर सन्डेका बारेमा बुझ्नु पर्छ। इसाई धर्मावलम्बीहरुका अनुसार जिजस क्राइस्ट मृत्युबाट बौरिएर उठेको दिनको सम्झनामा इष्टर सन्डे मनाउने चलन छ। र, उक्त आइतबारको दुई दिन अघि शुक्रबार उनै जिजस क्राइस्ट क्रसमा निधन भएको थियो ।

त्यसैले, जिजस क्राइस्ट क्रसको निधन भएको उक्त दिनको सम्झनामा असल शुक्रबार अथवा 'गुड फ्राइडे' मनाउने चलन सुरु भएको हो ।

### किन भनिन्छ "गुड फ्राइडे" ?

बाइबल रक्षाशास्त्री तथा लेखक कमल अधिकारीका अनुसार इसाई धर्मावलम्बीहरुको ईश्वर जिसस क्राइस्ट एक निर्दोष र पापरहित हुनुभए तापनि उहाँलाई दुई हजार वर्षअघ मानव जातिको पापको कारण क्रसमा टाँगिएर मारियो ।

जिसस क्राइस्ट शुक्रबार बिहान ३ बजेतिर आफ्ना चेलाहरुसँगै इजरायलको गेटसमनीको बगैचामा प्रार्थना गरिहनुहँदा गिरफ्तारमा पर्नुभयो । लगत्तै बिहान ९ बजे क्रसमा टाँगिनुभयो र ६ घण्टा क्रसमा बिताउनु भई दिउँसो ३ बजे उहाँले आफ्नो प्राण त्याग्नुभयो ।

"मानिसको पाप मुक्तिका लागि एक निष्कलंक बलिदानको खाँचो थियो, जो परमेश्वर स्वयम् मानिस भई यस संसारमा आउनु भएर क्रसमा मरी पुरा गर्नुभयो," अधिकारी भन्नुहुन्छ, "हाम्रो पापका कारण हामी मर्नुपर्ने थियो तर त्यसको साटोमा जिसस क्राइस्टले जयन दिनु भएकोले हामीले हर्ष मनाउँदै यस दिनलाई असल र पवित्र भन्ने गर्दछौं" ।

गुड फ्राइडेको दिन आज विश्वका अधिकांश देशमा सार्वजनिक बिदा दिइन्छ । पश्चिमा देशमा यस दिनलाई मानव जातिको इतिहासमा निकै गम्भीर मान्ने गरिन्छ । त्यसैले, यस दिनमा अधिकांश व्यापार, स्कुल र विश्वविद्यालय पनि बन्द गरिन्छन् ।

गुड फ्राइडेको दिनमा खीष्टियनहरु उपवास बस्छन् । प्रभातफेरीमा सहभागी हुन्छन् । चर्चहरुमा विशेष सेवा सञ्चालन गरिन्छ, जसमा जिससको मृत्युको वर्णन गर्ने भजन, लघु नाटकका साथै अमर वचन प्रस्तुत गर्ने चलन छ ।

*(स्रोतः रातोपाटी)*

# वनस्पतिसम्बन्धी शिक्षा दिने गरेका छौं

आज चैत २९ गते २४ औं वनस्पति दिवस मनाइँदैछ । देशभर ७ जिल्लामा वनस्पति अनुसन्धान केन्द्र रहेको छ भने ११ वटा मात्रै वनस्पति उद्यान रहेका छन् । मकवानपुर जिल्लामा मात्रै ३ वटा वनस्पति उद्यान छ । वनस्पति दिवसकै अवसरमा वनस्पति असुन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुलीसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंश:



**रघुराम पराजुली, प्रमुख**
**वनस्पति अनुसन्धान केन्द्र मकवानपुर**

समाज: यो वर्ष वनस्पति दिवसको अवसरमा मकवानपुरमा के गरिँदैछ ?

**पराजुली**: वनस्पति विभागको ६३ औं वार्षिकोत्सव तथा २४ औं वनस्पति दिवसको सन्दर्भमा वनस्पति अनुसन्धान केन्द्र मकवानपुरले तीन दिवसीय कार्यक्रम गरी मनाउँदैछ । मकवानपुरमा रहेका विज्ञान विषयमा स्नातक तह पढाई हुने क्याम्पसबाट विद्यार्थीलाई आह्वान गरेर वनस्पति दिवसको नारा 'जलवायु परिवर्तन एक चुनौती: समाधानको लागि वनस्पति' मा केन्द्रित भएर सचेतनामूलक वक्तृत्वकला प्रतियोगिता आयोजना गर्‍यौं । चैत २८ गतेदेखि ३० गतेसम्म तीनवटा वनस्पति उद्यानमा दीपावली गर्ने, वृक्षरोपण गर्ने, वनस्पति उद्यान परिसरमा सरसफाई गर्ने र वनस्पति उद्यानमा अवलोकन गर्न आउनेलाई वनस्पतिसम्बन्धी सचेतना फैलाउने काम गर्छौं । र मिडियाबाट जनचेतना फैलाउने र यससम्बन्धी जानकारी दिने तयारी गरेका छौं ।

समाज: वनस्पतिको विषयमा आम मानिसमा रहेको धारणा कस्तो छ ? तपाईंहरुले के कुरामा आम मानिसले ध्यान दिनुपर्छ भन्ने सुझाव दिनुहुन्छ ?

**पराजुली**: जन्मदेखि मृत्युसम्म जति पनि आवश्यकता छन्, यी सबै वनस्पतिमा प्रत्यक्ष-अप्रत्यक्ष निर्भर रहेकै हुन्छ । वनस्पति भनेको बोटबिरुवाहरु हो । यसको बहुआयामिक महत्व छ । त्यससँग सम्बन्धित कार्यालय वनस्पति अनुसन्धान केन्द्र हो । यो कार्यालयले गर्ने गतिविधिहरु आम मानिससँग सेवा लिने-दिने हिसाबले गरिएको हुँदैन । त्यसैले वनस्पति अनुसन्धान केन्द्र केहीका लागि नौलो हुनसक्छ, तर जडिबुटीसम्बन्धी चासो राख्ने समुदायहरुलाई तालिम दिने गरेका छौं । मकवानपुरमा तीनवटा वनस्पति उद्यानहरु छन्: वृन्दावन वनस्पति उद्यान हेटौंडा, पर्वतीय वनस्पति उद्यान दामन र टिष्टुङ वनस्पति उद्यान । त्यसमध्ये दुईवटा वनस्पति उद्यानमा प्रवेश शुल्क लिइने गरेको छ । सरकारलाई वन राजस्वको रुपमा गत असारदेखि यता करिब दुई लाख राजस्व संकलन भएको छ ।

समाज: अहिले जडिबुटीजन्य खेती र व्यावसायिक लाभको हिसाबले कति अनुकूल छ, कति जटिलता छन् ?

**पराजुली**: भूगोलअनुसार फरक रहन्छ, कुन भूगोलमा गर्दैछौं ? कुन प्रजाति गर्दैछौं ? कस्तो ठाउँमा गर्दैछौं ? विशेषगरी कुन जडिबुटी, कहाँ खेती गर्छौं, अनि प्रशोधन गर्ने क्षमता छ कि छैन, हामीले कच्चा बेच्नु भन्दा केहि प्रशोधन गरेर बेच्न सक्यो भने केही मूल्य बढी हुन्छ र लाभ हुन्छ ।

समाज: वनस्पति अनुसन्धान केन्द्रको प्रमुखको रुपमा रहनुहुँदा आम मानिसले वनस्पतिको बारेमा आधारभूत तरिकाले बुझ्नुपर्ने खास कुरा के ठान्नुहुन्छ ?

**पराजुली**: वनस्पतिको बारेमा यसको उपयोग गर्नुपर्छ, संरक्षण र बढोत्तरी गर्नुपर्छ । यसले भू-उपयोग पनि हुन्छ, माटोको संरक्षण पनि हुन्छ र हाम्रो वैकल्पिक श्रोतको रुपमा पनि विकास हुन्छ भन्ने बुझ्नुपर्छ ।

समाज: वनस्पति अनुसन्धान केन्द्रले गत वर्षमा गरेको उल्लेखनीय कार्य के-के देख्नुहुन्छ ?

**पराजुली**: वनस्पति केन्द्रअन्तर्गत् तीनवटा उद्यानहरुको व्यवस्थापन नर्सरी, विरुवा उत्पादन, वार्षिक लक्ष्य तोकिएका प्रजाति र संख्याबमोजिमको कार्यसम्पादन, उठेको राजस्व दाखिला गर्ने, यसलाई दुरुपयोग हुन नदिने र अवलोकन गर्न आउनेलाई वनस्पतिसम्बन्धी शिक्षा दिने गरेका छौं ।

# वनस्पति दिवसको अवसरमा वक्तृत्वकला प्रतियोगिता, आशिका भइन् प्रथम



*वक्तृत्वकलामा प्रथम हुन सफल आशिका पुडासैनीलाई पुरस्कृत गरिँदै ।*

समाज संवाददाता

हेटौडा: २४ औं वनस्पति दिवसको अवसरमा आयोजित वक्तृत्वकला प्रतियोगितामा कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत वन विज्ञान क्याम्पसकी विद्यार्थी आशिका पुडासैनी प्रथम हुनुभएको छ । प्रतियोगितामा जिल्लामा रहेका क्याम्पसहरुमा विज्ञान संकायमा स्नातक तहमा अध्ययनरत विद्यार्थीको सहभागिता रहेको थियो ।

वनस्पति अनुसन्धान केन्द्र हेटौंडामा आयोजित वक्तृत्वकला प्रतियोगितामा कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत वन क्याम्पसका दीपक राज जोशी द्वितीय तथा त्रिभुवन विश्वविद्यालयअन्तर्गत वन क्याम्पसका कृष्ण प्रसाद देवकोटा तृतीय हुनुभएको छ । वनस्पति दिवसको नारा "जलवायु परिवर्तन एक चुनौति, समाधानका लागि वनस्पति" विषयक वक्तृत्वकला प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने सहभागीलाई पुरस्कार स्वरुप करुवा प्रदान गरिएको छ ।

वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुलीको अध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यमा वक्तृत्वकला प्रतियोगिता भएको हो । वक्तृत्वकला प्रतियोगितामा ७ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा बागमती प्रदेश सरकारअन्तर्गतको वन निर्देशनालयका निर्देशक डा. विद्यानाथ झा, डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख शिव सापकोटा, डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख विष्णुप्रसाद आचार्यको पनि आतिथ्य रहेको थियो ।

वनस्पति अनुसन्धान केन्द्र मकवानपुरले वनस्पति दिवसको अवसरमा तीन दिवसीय कार्यक्रमको आयोजना गरेको छ । दिवसकै अवसरमा केन्द्रले वृन्दावन वनस्पति उद्यानमा उपलब्ध वनस्पतिको शब्दचित्रसहितको क्याटालग प्रकाशन गरेको छ । वनस्पति दिवस हरेक वर्ष चैत २९ गते मनाइन्छ । वनस्पती अनुसन्धान केन्द्र मातहत हेटौंडामा वृन्दावन वनस्पति उद्यान, थाहा नगरको दामनमा पर्वतीय वनस्पति उद्यान र थाहा नगरको टिस्टुङमा टिस्टुङ वनस्पति उद्यान रहेको छ ।

मकवानपुरसहित धनुषा, इलाम, सल्यान, बाँके, कैलाली र जुम्लामा वनस्पति अनुसन्धान कार्यालय रहेको छ । देशभर ११ वटा वनस्पति उद्यान रहेको वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुलीले जानकारी दिनुभयो । हेटौंडास्थित वृन्दावन वनस्पति उद्यानमा शूल्क तिरेर सम्मानित वृक्षरोपणको कार्य हुँदै आएको छ भने उद्यान भ्रमण गर्न शूल्क तिर्नुपर्ने व्यवस्था गरिएको छ । चालु आर्थिक वर्षमा उद्यान भ्रमणका लागि आउने पर्यटकबाट २ लाख रुपैयाँ आम्दानी भएको बताइएको छ । वनस्पति उद्यान परिसरमा ७६ वटा सम्मानित वृक्षरोपण गरिएको छ ।

## कृषि क्रान्तिको...

हुन सकेन । नीति तथा कार्यक्रममा कृषिलाई पहिलो प्राथमिकतामा राखिन्छ तर बजेट विनियोजनको समयमा यसलाई वास्ता गरिन्न । वार्षिक बजेटमा कृषिका लागि उही २/३ प्रतिशत बजेट विनियोजन गरिन्छ । यसले कृषिलाई अपमान गरिरहेको छ । हरेक पटकको सरकारले कृषि क्रान्तिको बखान मात्रै गर्छ । किसानको समस्या बुझ्ने र त्यसलाई सम्बोधन गर्ने चेष्टा गर्दैन । जसले गर्दा किसानका लागि पनि सरकार छ भन्ने आभास किसानले पाउन सकेनन् ।

**सरकारले कमिसनजन्य उद्योगलाई मात्र बढी प्रश्रय दियो ।**

मुलुकमा सहानुभूति क्रसर उद्योगले पाउँछ तर कृषिले पाउँदैन । कमिसनको संस्कारले अर्थतन्त्रमा कसको बढी योगदान छ भन्ने कुरालाई देख्दैन । आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण सरकारको भाषणमा मात्र सीमित छ । सरकारले चाहिएको बेला न कुनै परामर्श दिन्छ, न खेत जोत्ने ट्र्याक्टर दिन्छ, न त उत्पादित वस्तुका लागि बजार व्यवस्थापन नै गरि दिन्छ । यस्तो अवस्थामा किसानले जीवनमा उन्नति र प्रगतिको अपेक्षा गर्नु व्यर्थ छ । यो समस्याको मूल कारण बिचौलिया र तिनै बिचौलियासँग सरकार र कर्मचारीहरुको मिलेमतोबाट गरिने व्यवहार हो ।

कृषिको अवस्था दिनानुदिन खस्किँदै गएकाले कृषि पेसाबाट जीवननिर्वाह मात्रै हुने, उन्नति र प्रगति नहुने भएपछि किसानहरु कृषि छाडेर अरु पेसामा लाग्दै गएका छन् । ठूलो संख्या त खाडी मुलुकतिरै गइरहेको छ । सरकारले कृषिमा अनुदानको नीति त अँगालेको छ । तर, त्यो न्यून अनुदान नीतिले वास्तविक किसानहरू लाभान्वित हुन सकेका छैनन् । त्यस्तो अनुदान केही ठूला र पहुँचवाला किसान र लालपुर्जा खल्तीमा बोकेर हिँड्ने गैरकिसानले पाएका छन् । सरकारले वास्तविक किसान पहिचान गर्नै सकेको छैन । यसले किसानहरूलाई विस्थापनको स्थितिमा पुर्‍याएको छ ।

**समस्या न्यूनीकरण कसरी हुन सक्छ ?**

अबका दिनमा कृषि व्यवस्थापनको जिम्मा सरकारले स्थानीय सरकारलाई दिनुपर्छ । सीमित स्थानीय सहकारीहरूलाई कृषिमा आबद्ध गरेर कृषि उत्पादनको बजार व्यवस्थापनमा परिचालन गर्न सक्नुपर्छ । यसले बिचौलियाको बिगबिगीलाई नियन्त्रण गर्न मद्दत पुर्‍याउँछ । किसानको उत्पादनको मूल्य तोक्ने अधिकार किसानलाई दिई सरकारको प्रभावकारी पहलको निरन्तरता आवश्यक छ । आयातबाट उठ्ने राजस्वबाट सरकार खुसी हुने होइन, निर्यात प्रवर्द्धनमा खुसी हुनुपर्छ ।

आफ्नै देशको कृषिको पतनले परनिर्भरता बढेको र अर्थतन्त्रमा जोखिम बढेको प्रति सरकार सजग हुनुपर्छ । नीति तथा कार्यक्रम घोषणा गर्दा राष्ट्रिय अर्थतन्त्रमा कृषिको योगदान सर्वाधिक रहेकोमा गौरव मान्नुपर्छ । कृषि बजेट विनियोजनमा कृषिलाई पहिलो प्राथमिकता दिनुपर्छ । जसले किसानलाई बारीमा भविष्य देखाउँछ, खाडीको रोजगारीमा वितृष्णा जगाउँछ । *(स्रोत: कारोबार दैनिक)*

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*(सूचना प्रकाशित मिति : २०७९/१२/२९ गते)*

प्रस्तावित थाहा नगरपालिका भित्र पर्ने गहिरी गाउँमोड राम्चे बतासे लप्शीखोला वडा कार्यालय स्मार्ट सडक (वडा नम्बर ७), नागछेडा हगर्दी सडक तथा अन्य सडक खण्ड (वडा नम्बर ११, जम्मा २० कि.मि.) स्तरउन्नतिको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

बागमती प्रदेश, मकवानपुर जिल्ला थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | थाहा नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>इन्द्रायणी चौर मकवानपुर<br>बागमती प्रदेश नेपाल<br>सम्पर्क फोन नं: ०५७-४०००५६<br>इमेल: thahamunicipality@gmail.com |
| प्रस्तावको व्यहोरा | थाहा नगरपालिका भित्र पर्ने गहिरी गाउँमोड राम्चे बतासे लप्शीखोला वडा कार्यालय स्मार्ट सडक (वडा नम्बर ७), नागछेडा हगर्दी सडक तथा अन्य सडक खण्ड (वडा नम्बर ११, जम्मा २० कि.मि.) को स्तरउन्नति |
| प्रभाव पर्ने सक्ने जिल्ला/नपा | थाहा नगरपालिका वडा नम्बर ७ र ११, मकवानपुर । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरीन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरू:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | थाहा नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>इन्द्रायणी चौर मकवानपुर<br>बागमती प्रदेश नेपाल<br>सम्पर्क फोन नं: ०५७-४०००५६<br>इमेल: thahamunicipality@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन बक्स नेपाल सर्भिस प्रा. लि. (Green Box Nepal Service Pvt. Ltd.)<br>ठेगाना: कोटेश्वोर, काठमाडौं-३२, काठमाडौं, नेपाल<br>फोन न.: +९७७ ९८४-१७२९९६५<br>इ-मेल: np.greenbox@gmail.com |

नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**वनस्पति विभाग**
**वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति: २०७९/१२/२९*

यस अनुसन्धान केन्द्रको आ.व. २०७९।०८० को निर्माणसम्बन्धी सिलबन्दी दरभाउपत्र नं PRC/MAK/SQ/WORK/2079/80-01(Fencing Work at Brindaban Botanical Garden, Hetauda) सार्वजनिक खरिद तथा अनुगमन कार्यालय (PPMO) को वेबसाइट https://www.bolpatra.gov.np/egp/ मा प्रकाशित गरिएकोले विस्तृत विवरण सोही वेबसाइटमा हेरी तोकिएको समयभित्र E-Bid मार्फत सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**कार्यालय प्रमुख**

## फर्म सूचीकृत गर्नेसम्बन्धी निर्मल माविको सूचना

*(प्रथमपटक सूचना प्रकाशित मिति: २०७९/१२/२८)*

यस विद्यालयमा पुस्तकालय व्यवस्थापन तथा शैक्षिक सामग्री आपूर्ति गर्नका लागि विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१२/२५ गतेको निर्णयअनुसार इच्छुक फर्महरुले यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनभित्र नियमानुसार सूचीकृत गर्न आव्हान गरिन्छ ।

**प्रधानाध्यापक**
**निर्मल माध्यमिक विद्यालय**
**हेटौंडा-१९, बस्तीपुर**

विद्यार्थी भिषामा
JAPAN
जानको लागि October Intake 2023
जापानीज कक्षा सञ्चालन भइरहेको छ ।
HIT EDUCATION
Hetauda-4, Ajar Amar Road, Sigma Complex 4th Floor, Makawanpur
Cont: 057-591400, 9855071400, 9845624441

स्वादिष्ट नेवारी खाजा
अब


होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

## उपमेयरकप भलिबल प्रतियोगिता

# पुरुषतर्फ फाइनलमा ११ र १९, महिलातर्फ ९ र १९ नं. वडा भिड्ने



समाज संवाददाता

हेटौंडाः उपमेयर कप भलिबल प्रतियोगिताको उपाधिका लागि पुरुषतर्फ वडा नम्बर ११ र १९, महिलातर्फ वडा नम्बर ९ र १९ भिड्ने भएको छ। फाइनल खेल आज बुधबार हेटौंडा-१२, पदमपोखरीस्थित बुद्ध माविको भलिबल कोर्टमा हुनेछ।

मंगलबार भएको पुरुषतर्फको सेमीफाइनल खेलमा ११ नम्बर वडाले ५ नम्बर वडालाई २५-१८, २५-२०, २५-१२ को सोझो सेटमा पराजित गरेर फाइनल प्रवेश गर्‍यो भने वडा नम्बर १९ ले वडा नम्बर ४ लाई २५-९, २५-१६ र २५-१३ को सोझो सेटमा पराजित गरेर फाइनल प्रवेश गरेको छ । यस्तै महिलातर्फ १९ नम्बर वडाले १७ नम्बर वडालाई ३-१ को सेटमा पराजित गर्दै फाइनल प्रवेश गरेको हो । अत्यन्त प्रतिस्पर्धी बनेको पहिलो सेट ३०-२८ ले आफ्नो पक्षमा पारेको १९ नम्बर वडाले दोस्रो सेट २१-२५ मा १७ नम्बर वडालाई सुम्पेको थियो । तेस्रो र चौथो सेट २५-१३ र २५-२३ मा आफ्नो पक्षमा पार्दै १९ नम्बर वडाले उपाधि नजिक पुगेको छ ।

यस्तै महिलातर्फको अर्को सेमीफाइनल खेलको पहिलो सेट पनि उत्तिकै प्रतिस्पर्धात्मक रह्यो। १४ नम्बर वडासँग पहिलो सेट ३१-२९ ले आफ्नो पक्षमा पारेको ९ नम्बर वडाले दोस्रो र तेस्रो सेट २५-१५ र २५-२१ ले आफ्नो पक्षमा पार्दै फाइनल प्रवेश गरेको छ । प्रतियोगितामा पुरुषतर्फ १० वटा टिम र महिलातर्फ ९ वटा टिमको सहभागिता रहेको थियो । पाँचौ संस्करणको उपमेयर कप महिला तथा पुरुष भलिबल प्रतियोगितामा महिला र पुरुष दुवैतर्फका प्रथम, द्वितीय र तृतीय हुने टिमले क्रमशः ५० हजार रुपैयाँ, ३० हजार रुपैयाँ र १० हजार रुपैयाँ प्राप्त गर्नेछ। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई २ हजार ५ सय र विधागत उत्कृष्ट खेलाडीहरुलाई १ हजार ५ सय रुपैयाँ प्रदान गरिने छ।

## नयाँ वर्षमा हेटौंडामा दौड प्रतियोगिता

# प्रथम हुनेले ५० हजार पाउने

समाज संवाददाता

हेटौंडाः नयाँ वर्ष २०८० को अवसरमा खुला दौड प्रतियोगिता हुने भएको छ। हेटौंडा उपमहानगरपालिकाको आयोजनामा हुने दौड प्रतियोगिता ५ किलोमिटर दूरीको हुनेछ ।

वैशाख ३ गते आइतबार बिहान हुने प्रतियोगितामा १८ वर्षदेखि ४० वर्ष उमेर समूहका व्यक्ति सहभागी हुन सक्नेछन् । दौड प्रतियोगितामा प्रथम हुने खेलाडीले नगद ५० हजार रुपैयाँ, द्वितीय हुनेलाई नगद ३० हजार रुपैयाँ, तृतीय हुनेलाई नगद २० हजार रुपैयाँ र उत्कृष्ट दुईजना खेलाडिलाई प्रोत्साहन स्वरुप जनही नगद १० हजार रुपैयाँ पुरस्कार वितरण गरिने हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख गंगाधर रिमालले जानकारी दिनुभयो ।

# उद्योग वाणिज्य दिवसमा मामाघरलाई खाद्यान्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघले मंगलबार उद्योग वाणिज्य दिवस २०७९ मनाएको छ । हेटौंडा-११ स्थित मामाघर नेपालमा आश्रित बालबालिकाहरुका लागि खाद्यान्न वितरण गरेर उद्योग वाणिज्य दिवस मनाएको हो ।

संघका उपाध्यक्ष राजु अधिकारीको नेतृत्वमा व्यवसायीको एक समूह मामाघर नेपालमै पुगेर खाद्यान्न वितरण गरेको हो । उपाध्यक्ष राजु अधिकारीले संघको तर्फबाट चामल, पिठो, तेल, दाल र नुन सहयोग गरिएको बताउनु भयो । कार्यक्रममा संघका सचिव राजाराम कार्की, कार्यसमिति सदस्य दिवस पराजुली, कार्यकारी सचिव पवन कार्कीलगायतको उपस्थिति रहेको थियो । हाल मामाघर नेपालमा ५ वर्षदेखि १६ वर्ष उमेरका १६ जना बालबालिका आश्रित रहेको मामाघर नेपालकी स्वयंसेविका आइशा राईले बताउनु भएको छ। कार्यक्रममा उपाध्यक्ष राजु अधिकारीले आफ्नो व्यक्तिगत तर्फबाट २०८० सालभरी मामाघर नेपालमा आश्रित बालबालिकाहरुका लागि आवश्यक कुखुराको अण्डा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।

# मार्खुमा अस्थायी प्रहरी चौकी उद्घाटन

समाज संवाददाता

**हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-१, मार्खुमा अस्थायी प्रहरी चौकी उद्घाटन भएको छ। गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी र मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले चौकीको संयुक्तरुपमा उद्घाटन गर्नुभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता टेकबहादुर कार्कीले बताउनुभयो ।**

**स्थानीयको माग र प्रमुख जिल्ला अधिकारीको सहकार्यमा चौकी स्थापना भएको हो। चौकीको लागि गाउँपालिकाले भवनको भाडा व्यवस्थापन गर्ने कार्कीले बताउनुभयो । उक्त चौकीमा ५ जना सुरक्षाकर्मी खटाइएको छ ।**

**मकवानपुरमा १५ वटा अस्थायी चौकी रहेको छ । जिल्लामा ७ सय ७७ जना प्रहरीको दरबन्दी रहेकोमा मकवानपुरका जनसंख्याअनुसार प्रहरीको दर बन्दी थोरै भएको कार्कीको भनाई छ । अस्थायी चौकीमा १० जनाको संख्यामा प्रहरी खटाउनुपर्ने र मकवानपुरमा अझै १५० जना थप प्रहरी आवश्यक रहेको कार्कीले बताउनुभयो ।**

**उद्घाटनमा मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतम, सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक अनिल कार्की, नेपाली सेना सुपारेटार ब्यारेकका प्रमुख सेनानी गोविन्दराज घिमिरेलगायतका जनप्रतिनिधिको उपस्थिति थियो ।**

# ४० जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः नेपाल रेडक्रस सोसाइटी इन्द्रसरोवर उपशाखाको आयोजनामा मंगलबार रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ४० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ ।

इन्द्रसरोवर गाउँपालिका-४, फाखेलस्थित कलिका माविमा रक्तदान कार्यक्रम भएको हो । रक्तसञ्चार केन्द्रमा मागअनुसार वितरण गर्नका लागि रगत पर्याप्त रहेको प्राविधिक सापकोटाले जानकारी दिनुभएको छ । चैत महिनाको तेस्रो सातादेखि नियमित रक्तदान कार्यक्रम भइरहेको छ । चैत महिनाको पहिलो दुई साता रक्तदान कार्यक्रम नहुँदा रगतको अभाव भएको थियो ।

# दोलखा र सिन्धुपाल्चोकमा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः दोलखा र सिन्धुपाल्चोक जिल्लामा दुईजनाको मृत्यु भएको छ । दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-६, सात दोबाटोमा रामेछाप जिल्लाको धोबी गाउँपालिका-२ का ४० वर्षीय तेज बहादुर थापाको मृत्यु भएको छ ।

स्थानीय चाँदनी होटलमा सोमबार बिहान ६ बजे अचानक बेहोस भएका थापालाई उपचारका लागि रोल्पा अस्पताल लगिएकोमा उपचारको क्रममा बिहान १० बजे डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। यस्तै, सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका-६ बसेरीमा एकजना पुरुषको शव फेला परेको छ । सोमबार बसेरीको भोटेकोशी नदिमा शव बरामद भएको हो । सडीगलिसकेको अवस्थाको शव सनाखत हुन नसकेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

# स्थापना दिवसमा विविध कार्यक्रम

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीस्थित जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेडले २४ औं स्थापना दिवस विविध कार्यक्रम गरी मनाएको छ ।

कार्यक्रमको अन्तिम दिन मंगलबार दुई जना जेष्ठ नागरिकलाई सम्मान गरेको छ। ७० वर्ष माथिका शेयर सदस्य मिठ्ठुदेवी हुमागाई र गोमा डोटेललाई नगद एक-एक हजार, सम्मानपत्र र ग्लुकोज वितरण गरी सहकारीको स्थापना दिवस मनाइएको सहकारीकी व्यवस्थापक मेनुका दाहालले जानकारी दिनुभएको छ। स्थापना दिवसकै अवसरमा सहकारीले रक्तदान कार्यक्रमको पनि आयोजना गरेको थियो ।

# हर्नामाडी डीप बोरिङ बोर्डलाई हस्तान्तरण



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, ठुलोदमारमा संचालित हर्नामाडी डीप बोरिङ हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको छ। मंगलबार बिहान हेटौंडा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष रामकृष्ण बानियाँ र खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टबीच सम्झौतापत्र आदानप्रदान गरी खानेपानी आयोजना हस्तान्तरण गरिएको हो ।

२०७६ सालबाट उपभोक्ता समितिले सञ्चालन गर्दै आएको योजनाबाट १ सय ८१ धारामा खानेपानी वितरण गर्दै आएको छ । हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा हस्तान्तरण कार्यक्रम भएको हो। कार्यक्रममा १८ नम्बर वडा अध्यक्ष अनिल कुमार बानियाँको पनि आतिथ्य रहेको थियो । कार्यक्रममा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टले अहिले बोर्डमार्फत २३ हजार भन्दा बढी धारा वितरण गरी खानेपानी वितरण गर्दै आएको बताउनुभयो। बोर्डले नगर भित्रका साना-साना खानेपानी उपभोक्ता समितिहरु बोर्डमा गाभेर गुणस्तरीय सेवा प्रदान गरिरहेको अध्यक्ष विष्टले दावी गर्नुभएको छ । बोर्डमार्फत १० हजार लिटर पानी निशूल्क पाउने व्यवस्थाले पनि उपभोक्ता समितिहरु बोर्डमा गाभिन प्रेरित भएको उहाँको भनाइ थियो। आगामी दिनमा हर्नामाडीमा खानेपानीको समस्या आउन नदिने बताउनुहुँदै बोर्डका अध्यक्ष विष्टले उपभोक्ताको सहजताका लागि बोर्डले पानीको महसुल भुक्तानी शिविर राख्ने बताउनुभयो ।

नगर उपप्रमुख राजेश बानियाँले निम्न वर्गका मानिसलाई सहजताका लागि नगरपालिकाले १० हजार लिटर खानेपानी निशुल्क दिने निर्णय भएको बताउनुभयो । खानेपानी बोर्ड हेटौंडा उपमहानगरपालिकाको नै रहेको बताउनुहुँदै नगरवासीलाई खानेपानीमा समस्या आउन नदिने उहाँले स्पष्ट पार्नुभएको छ ।

# सामुदायिक वन उपभोक्ता महासंघ इन्द्रसरोवर अध्यक्षमा गौतम

समाज संवाददाता

**हेटौंडाः सामुदायिक वन उपभोक्ता महासंघ इन्द्रसरोवर गाउँपालिकाको अध्यक्षमा साबित्रा गौतम चयन हुनुभएको छ। मंगलबार भएको अधिवेशनले गौतमको अध्यक्षतामा सर्वसम्मतले समिति चयन भएको सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंले बताउनुभयो ।**

**समितिको उपाध्यक्षमा लिलीमाया ब्लोन रहनुभएको छ। सचिवमा राय विष्ट र कोषाध्यक्षमा ढोकनबहादुर थोकर रहनुभएको छ। यस्तै, सोमबार भीमफेदीमा भएको अधिवेशनले शिव रुम्बाको अध्यक्षतामा सामुदायिक वन उपभोक्ता महासंघ गठन गरेको छ । समितिको उपाध्यक्षमा रमेशकुमार थिङ, सचिवमा लक्ष्मी पुडासैनी र कोषाध्यक्षमा मखमली राना रहनुभएको अध्यक्ष चौलागाईले जानकारी दिनुभयो । सामुदायिक वन उपभोक्ता महासंघको महाधिवेशनका लागि जिल्लाका प्रत्येक स्थानीय तहमा अधिवेशन भइरहेको छ ।**

## कविता प्रतियोगितासम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका वडा नं. १० कार्यालय र आँचल साहित्य कला पुञ्ज मकवानपुरको आयोजनामा २०८० वैशाख ५ गते पारिजात स्मृति दिवसको सन्दर्भमा 'पारिजात' विषयक खुला कविता प्रतियोगिता आयोजना गर्न लागेकाले सो कविता प्रतियोगितामा भाग लिन इच्छुक कविहरूले कविता बुझाउनु हुन हार्दिक आग्रह गर्दछौं ।

- कविता बढीमा २५० शब्दसम्मको हुनुपर्नेछ ।
- कविता 'पारिजात' विषयक हुनुपर्नेछ तर शीर्षक खुला रहन सक्नेछ ।
- कविता वैशाख ४ गते साँझ ५ बजेसम्म पुष्पलाल स्मृति पुस्तकालय, विद्यार्थी पुस्तक पसल र हेउनपा वडा नं. १० को कार्यालयमध्ये कुनै एक ठाउँमा बुझाउन सकिनेछ ।
- कार्यक्रम २०८० वैशाख ५ गते 'पारिजात स्मृति दिवस'को सन्दर्भमा दर्शन पार्टी प्यालेसको सभाहलमा दिउँसो १:३० बजे हुनेछ ।
- कार्यक्रममा पुरस्कृत कविहरूलाई प्रमाणपत्रसहित प्रथम पुरस्कार रू. ६,०००/-, द्वितीय पुरस्कार रू. ४,०००/-, तृतीय पुरस्कार ३,०००/- र सान्त्वना पुरस्कार रू. १,०००/- का दरले प्रदान गरिनेछ ।

**सम्पर्क नं. ९८४५१४९०८८, ९८४५२८७५५२, ९८४५१६४५४२, वडाअध्यक्ष ९८५५०६७९९२ र १० नं. वडा कार्यालय ०५७५२०८६८**

sabu.tim@gmail.com




**शैक्षिक सत्र २०८० का लागि**

**नर्सरीदेखि कक्षा ९ सम्म**




विद्यार्थीमैत्री शिक्षा प्रदान गरिने, विद्यार्थीको सर्वाङ्गिण विकास हुने उपयुक्त वातावरण रहेको जानकारीसहित सम्पूर्ण अभिभावकमा निश्चिन्त भएर आफ्ना बाबुनानीलाई भर्ना गराउनुहुन अनुरोध गरिन्छ ।

**ज्ञानोदय बालबाटिका आवासीय मावि**

**हेटौंडा-५, पिप्ले**

**९८५५०६८९४०/९८०१०२९२०५**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
- **थाईराईड**
- **क्यान्सर**
- **रक्तअल्पता**
- **वाथरोग**
- **बाँझोपन**
- **भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।**

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

**सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।**

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ